# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १४, २०६१ असार (July 2004)

**यस अङ्कमा**


| | | | |
|---|---|---|---|
| १) | दोहोरो शैक्षिक क्यालेण्डरको मार | भोजराज भाट | पृष्ठ २ |
| २) | दलितहरूको नमूना विद्यालय बनाउने धोको | सुदर्शन घिमिरे | पृष्ठ ३ |
| ३) | आर्थिक संकटमा सरकारी विद्यालय | शरद अधिकारी | पृष्ठ ५ |
| ४) | चेपाङ्ग छात्रबासको यो हविगत | कृष्ण अधिकारी | पृष्ठ ६ |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ। इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला।***


**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोनः ४२५७६५५**

**फ्याक्सः ४२१८६८६, अनामनगर, काठमाडौं।**

**इमेल :** ejg@ntc.net.np, or letter@ejgroup.org

**वेवसाइट :** www.ejgroup.org


## दोहोरो शैक्षिक क्यालेण्डरको मार

● **भोजराज भाट/रोल्पा**

रोल्पाको थवाङ वीर बलभद्र  माविमा अध्ययनरत इन्द्र मगर अभिभावकलाई जानकारी नदिइकनै रुकुमको महत गाउँ आइपुगेका छन् । थवाङबाट महत गाउँ हिंडेर आइपुग्न पाँच घण्टा लाग्छ । जेठ २२ गते महतमा आयोजित विशेष सैन्य अभियानमा सहभागी गराउन माओवादीले इन्द्रजस्तै अरु थुप्रै शिक्षक विद्यार्थीलाई ल्याएका थिए ।

१२ वर्षीया इन्द्र मगर कक्षा ४ मा पढ्दैछन् । महत गाउँमा किन ल्याइएको हो ? उनलाई खासै जानकारी छैन । यस्तै अन्यौलमा १३ वर्षीय ध्रुव जोगबुढा पनि छन् । रुकुमकोटस्थित इश्वरी माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत ध्रुवलाई सैन्य अभियान सिद्धाएर कहिले घर फर्किने हो, थाहा छैन ।

आखिर यो सैन्य अभियानमा के हुन्छ त ? बाफिकोट रुकुमस्थित वीरेन्द्र उमाविका प्राचार्य विरमान पुरी भन्छन्, "मलाई पनि उनीहरूले सैन्य अभियानमा लगे, त्यहाँ राजनैतिक प्रशिक्षण र विकास निर्माणका काम गराउँदा रहेछन् ।"

माओवादीले रुकुम, रोल्पाका गाउँ गाउँबाट शिक्षक/विद्यार्थीलाई सैन्य अभियानमा लैजाने क्रम जारी छ । जसले विद्यालयको पढाइमा गम्भीर असर परिरहेको छ । उता माओवादीहरू भने  जनवादी शिक्षा' लागू गरेकाले पढाईलाई खासै बाधा नपरेको दावी गर्छन् ।

माओवादीले  मगरात स्वायत्त प्रदेश'मा पर्ने जिल्लाहरूमा  जनवादी शिक्षा' लागू गरिएको दावी गरेका छन् । तर ती ठाउँको स्थलगत अध्ययन गर्दा जनवादी शिक्षा लागू भएको कहिं पनि भेटिएन । "शिक्षकलाई जनवादी शिक्षा लागू गर्ने कुरासम्म माओवादीले गरेका हुन् तर पाठ्यक्रम नै चाहिं दिएका छैनन्," एकजना शिक्षक भन्छन् ।

 मगरात स्वायत्त प्रदेश'का प्रमुख सन्तोष बुढामगर माओवादी अहिले आफ्ना आधार क्षेत्रमा जनवादी शिक्षा लागू गर्ने प्रयासमा रहेको बताउँछन् । यसलाई लागू गर्न पर्याप्त शैक्षिक जनशक्ति नभएकोले हालको शिक्षा (पुरा सत्ताको शिक्षा) लाई नकार्न नसकेको बताउँदै उनले थपे, "पुरानै शिक्षकलाई विशेष निर्देशन दिएर तिनैको माध्यमबाट जबर्जस्ती शिक्षा लागू गराउने प्रयासमा छौं । माओवादीहरूले हरेक विद्यालयमा आफ्नो शैक्षिक क्यालेण्डर दिई त्यसलाई पछ्याउने उर्दी जारी गरेका छन् ।

माओवादीले दिएको शैक्षिक क्यालेण्डरमा सरकारद्वारा छुट्याइएका बिदालाई कटौती गरी आफ्नो अनुसार चल्नुपर्ने बताइएको छ । अनेरास्ववियू (क्रान्तिकारी) राप्ती, धौलागिरी विशेष क्षेत्रीय समन्वय समितिद्वारा प्रेषित शैक्षिक क्यालेण्डर रुकुम र रोल्पाका आधार इलाकामा पर्ने विद्यालयमा वितरण गरिएको छ । उनीहरूको क्यालेण्डरमा राजकीय भ्रमण, राजपरिवारको जन्म दिन, रक्षा बन्दन, बालदिवस, नागमञ्चमी, श्रीपञ्चमी, प्रजातन्त्र दिवस, शिक्षा दिवस, शिवरात्री, हरितालिका (तीज), फागु पूर्णिमा, संविधान दिवस, कृष्ण जन्माष्टमी आदि बिदालाई कटौती गर्नुपर्ने कडा निर्देशन दिइएको छ ।

त्यस्तै, उनीहरूले आफ्नो तर्फबाट फागुन १ गतेलाई जनयुद्ध दिवस, फागुन १४ मा बलिदान दिवस, चैत ५ गते प्रतिरोध दिवस, चैत २४ गते जनआन्दोलन दिवस, वैशाख १० गते नेकपा स्थापना दिवस ( २२ अप्रिल) लेनिन जयन्ती, वैशाख १८ गते मित्रमणि दिवस, वैशाख २३ गते मार्क्स जयन्ती, जेठ १ गते विद्यार्थी दिवस, पुस ११ गते माओ जयन्ती, कार्तिक २० गते चिनियामानकाजी दिवसलाई मनाउन एक दिन शैक्षिक बिदा दिनुपर्ने उर्दी जारी गरेका छन् ।

उनीहरूको क्यालेण्डरमा पहिलो हप्ताको शुक्रबार मानसिक बुद्धि विकासको लागि कार्यक्रम, दोस्रो हप्ताको शुक्रबार शारीरिक विकास र बुद्धिको लागि कार्यक्रम, तेस्रो हप्ताको शुक्रबार विद्यालय र विद्यार्थीको सरसफाइ कार्यक्रम, चौथो हप्ताको कार्यक्रम विद्यार्थी, शिक्षक र अभिभावकबीच समिक्षा र अन्य कुनै हप्ता मिलाएर सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नुपर्ने रहेको छ ।

माओवादीले विद्यालय सञ्चालनको समयलाई १५ मिनेट सार्नुपर्ने, बिहान र साँझ पिटी परेड नियमित गराउनुपर्ने उर्दी जारी गरेका छन् । विद्यालयका प्रधानाध्यापकलाई सो क्यालेण्डर अनुसार नियमित

अध्यापन गर्न/गराउन कडा निर्देशन दिइएको छ। माओवादीले आधार क्षेत्रमा आफ्नो शैक्षिक क्यालेण्डरलाई पालना नगर्नेलाई कारवाही गर्ने गरेका छन्। जसको एक उदाहरण पदमप्रसाद न्यौपाने हुन्। उनलाई माओवादीले दुईवटा प्रमुख आरोप लगाई ४० दिनसम्म अपहरण गरेका थिए। पहिलो, माध्यमिक तहसम्म भएको विद्यालयमा विना स्वीकृति एमएको पढाइ गर्न किन गएको ? दोस्रो, माओवादीद्वारा बन्द आह्वान गरिएको दिनमा पनि किन विद्यालय सञ्चालन गरेको ? न्यौपानेलाई गरिएको यस्तो कारवाहीको उदाहरणले अन्य शिक्षकहरूलाई समेत माओवादीको निर्देशन मान्नुपर्ने बाध्यता सिर्जना गरिदिएको छ।

माओवादीले आफ्नो आधार इलाकामा स्थानीय भाषालाई बढावा दिनका लागि छुट्टै नमूना विद्यालय सञ्चालन गरेका छन्। अहिले कक्षा ४ सम्मको जनवादी शिक्षा'को पाठ्यक्रम तयार भइसकेको दावी माओवादीको छ। बुढामगरका अनुसार हाल मगरात स्वायत्त प्रदेशका विशेष जिल्ला (थवाङ क्षेत्र वरिपरी) १०, रोल्पामा १५, प्युठान २ र रुकुममा १२ वटा प्राथमिक तहका जनवादी विद्यालय खुलिसकेका छन्। त्यहाँ माओवादी कार्यकर्ताद्वारा नै जनताका छोराछोरीलाई जनवादी शिक्षा दिइरहेको दावी गरिएको छ।

सरकारको शैक्षिक क्यालेण्डर एकातिर छ, माओवादीको उर्दी अर्कै छ। गाउँस्तरमा कार्यरत शिक्षक सदरमुकाम तलब थाप्न जानका लागि पनि माओवादीसँग अनुमति माग्नुपर्ने नियम बनाएका छन्।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# दलितहरूको नमूना विद्यालय बनाउने धोको

**● सुदर्शन घिमिरे/सुर्खेत**

विद्यालयमा जम्मा तीनवटा कोठा छन्। एउटामा, शिशु र कक्षा एकलाई पढाइन्छ। अर्कोमा दुई कक्षाका विद्यार्थी पढ्छन्। बाँकी रहेको कोठामा कार्यालय संचालन र ३ कक्षा विद्यार्थीको पढाइ हुन्छ।

सुन्दा अपत्यारिलो लागे पनि वीरेन्द्रनगर नगरपालिकाको नयाँ गाउँमा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको वास्तविकता यही हो। एउटा कोठा थप्नसक्ने आर्थिक हैसियत पनि सो विद्यालयसँग छैन। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जितबहादुर मुगराती भन्छन्, "एउटा थप कोठा नभएर विद्यालय संचालनमा समस्या परेको छ।" त्यसैले उनीहरू जग्गा स्कुलको नाममा दर्ता गर्ने र थप एउटा कोठा निर्माण गरी ३ कक्षा लाई छुट्टै पठनपाठन गर्ने तयारी गर्दैछन्।

नयाँ गाउँ धारापानीका धेरैजसो अभिभावकको आर्थिक हैसियत गतिलो छैन। अधिकांशको कटेरो बनाउने ऐलानी जग्गा बाहेक खेती गर्ने जमीन छैन। उनीहरूलाई मजदुरी गरेर कमाएको पैसाले दुई छाक टार्न मुश्किल छ। स्थानीय आशाराम सुनार भन्छन्, "यो अवस्थामा हामीले चाहेर पनि बालबच्चाको भविष्य सपार्न विद्यालयलाई आर्थिक सहयोग गर्न सकेका छैनौं।" दलित बस्तीको रुपमा परिचित यो गाउँमा कामी, दमाई, सार्की र विष्ट बसोबास गर्छन्।

दलित समुदायको प्रयत्नमा २०५१ सालमा स्थापना भई त्यसको दुई वर्षपछि मात्र सरकारी अनुमति पाएको सो विद्यालयको दुःखको आफ्नै कथा छ। नजिकैको त्रिपुरेश्वर माविमा विद्यार्थीको चाप अधिक भएकाले दलितहरूले आफ्नै बस्तीमा छुट्टै विद्यालयको आवश्यकता महशुस गरे। आफ्ना बालबच्चा आफ्नै बस्तीमा पढुन् भन्ने उनीहरूको धोको त्यतिबेला पुरा भयो जब स्थानीय ओमप्रकाश ढुंगानाले उनीहरूको प्रयासमा हैंसे' गरे। उनी स्वयंसेवक शिक्षक बन्न राजी भए।

न्यूनतम रकम ब्यहोर्ने गरी उनैलाई निजी श्रोतमा शिक्षक नियुक्त गरियो। उनको पारिश्रमिक १५ सयबाट १८ सय हुँदै अहिले २ हजार पुगेको छ। आयस्तर ज्यादै न्यून भएका दलितहरूले विद्यालयलाई

आर्थिक सहयोग गर्न नसकेकाले नगरपालिकाले सुरुदेखि नै एक शिक्षकको लागि अनुदान दिँदै आएको छ। पुरा १० वर्ष ढुङ्गेल एक्लैले कक्षा २ सम्म बहुकक्षा शिक्षण विधि अंगालेर जेनतेन धानिसके। गत जेठदेखि उनको सहयोगीको रुपमा स्थानीय टेकेस कुमार सुनारलाई मासिक रु १५ सय दिइने गरी व्यवस्थापन समितिले शिक्षकमा नियुक्त गरेको छ।

विद्यालय स्थापनाको सुरुका वर्ष झनै दुःखदायी थिए। सिसौको रुखको फेदमा कक्षा सञ्चालन हुन्थ्यो। "गर्मी र वर्षा छल्नलाई अभिभावकहरूको श्रमदानमा त्यही सिसौको फेदमा फुसको टहरो बनाइयो," नजिकैको रुखलाई देखाउँदै प्रअ ढुङ्गेल भन्छन्। २०५५ सालमा नगरपालिकाको रु ५० हजार आर्थिक सहयोग र त्यति नै बराबरको स्थानीय दलितहरूको श्रमदानमा पक्की २ कोठे भवन बनाईयो। दलितहरूको लगन र मेहनतबाट प्रभावित समाज जागरण केन्द्रको सहयोगमा दुई वर्षपछि एक कोठे भवनको निर्माण गरियो। अझै पनि कम्तीमा २ कोठाको आवश्यकता छ। खेल्नको लागि व्यवस्थित चौर, शैक्षिक सामाग्री त्यसपछिका आवश्यकतामा गनिन्छन्।

२२/२३ जना विद्यार्थीबाट सुरु भएको विद्यालयमा अहिले झण्डै ७५ जना बालबालिकाले शिक्षा लिइरहेका छन्। यो शैक्षिक सत्रमा हालसम्म ७३ जना बालबालिका भर्ना भएका छन्, जसमा ३२ छात्रा छन्। रोचक कुरा के छ भने दलितको विद्यालय भन्ने मानसिकताका कारण यहाँ बिरलै मात्र कथित माथिल्लो जातिका छोराछोरी पढ्न आउने जानकारी प्रअ ढुङ्गेल दिन्छन्। यसवर्ष सो विद्यालयमा केवल २ जना छात्रा बाहुन क्षेत्री समुदायका छन्। अल्पसंख्यक माथिल्लो जातिका बालबालिकालाई अलि परको हाइस्कूलमा पठाईने गरिएको रहेछ। छुवाछुतको रुढीग्रस्त मान्यता अझै नहटेकाले उनीहरूले सो स्कूलमा नपठाएको कुरा उनी बताउँछन्।

झण्डै ८ वर्ष अघिदेखि सरकारी अनुमतिमा सञ्चालित सो विद्यालयलाई अहिलेसम्म सरकारी दरबन्दीका शिक्षक छैनन्। यो विद्यालयलाई शिक्षा कार्यालयले अनुमति दिएको तीन वर्ष पछिसम्म पनि केन्द्रबाट हरेक साल शिक्षक दरबन्दी सुर्खेतमा आइरह्यो। ती दरबन्दीहरू भनसुन, राजनीतिक दबाब र शिक्षा कार्यालयको मनोमानीमा अन्यत्रै बितरण गरियो। स्थानीय बासिन्दा एवं व्यवस्थापन समितिका सदस्य लालबहादुर बयलकोटी दुखेसो पोख्छन्, "नेताहरूले पहल नगरिदिएपछि जिल्ला शिक्षाले हाम्रो समस्यालाई वास्ता गरेन।" हुँदाहुँदा अब त शिक्षक तालिममा सहभागी गराउन समेत छोडिएको छ। विद्यालयका प्रअ ढुङ्गेलका अनुसार गतवर्षदेखि निजी स्रोतबाट चलेका विद्यालयलाई सहभागी नगराउने भनी कुनै पनि तालिम दिलाइएन।

यसपटक सो विद्यालयले एक प्राथमिक शिक्षकको एक वर्षको तलव बराबरको रकम रु ५३ हजार ३ सय अनुदानस्वरुप उपलब्ध गराएको छ। यो रकम जिल्ला शिक्षाले नभई सरकारको समुदायद्वारा आफैं सञ्चालित र सरकारी दरबन्दी नभएका देशभरका विद्यालयलाई अनुदान दिने नीति अन्तरगत आएको हो। सुर्खेतमा सो विद्यालयसमेत गरी ४४ वटा यस्ता प्राविहरूले अनुदान रकम एकमुष्ट रुपमा पाउँदैछन्। सो रकम के कसरी खर्च गरिने भनेर औपचारिक निर्णय भैनसेकेको भए पनि शिक्षकलाई तलव खुवाउन मै प्रयोग गर्ने सोचाई रहेको समितिका अध्यक्ष मुगराती बताउँछन्।

स्तरीय पढाई हुन नसकेको अनुभूति शिक्षक अविभावक सबैलाई छ। तर आफ्ना बालबच्चाले अक्षर चिन्न पाएकाले विद्यालयप्रति उनीहरू त्यति धेरै असन्तुष्ट पनि छैनन्। स्थानीय अभिभावकहरू सो विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दलित बस्तीको नमूना विद्यालयको रुपमा विकसित गर्न चाहन्छन्। त्यस निम्ति सरकारले विद्यालयलाई कक्षा ५ सम्मको स्वीकृति दिई चाहिने जति दरबन्दीसहित भौतिक पूर्वाधारको लागि पनि सहयोग गरोस् भन्ने उनीहरूको अपेक्षा छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# आर्थिक संकटमा सरकारी विद्यालय

● **शरद अधिकारी/दाङ**

पश्चिम दाङ्गको शान्तिनगर गाउँ विकास समितिमा रहेको वीपी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बमबहादुर घर्तीलाई विद्यालय कसरी सञ्चालन गर्ने भन्ने समस्या परेको छ। विगतका वर्षहरूमा राम्रोसँग सञ्चालन भइरहेको र माविका लागि अस्थायी स्वीकृति मात्र प्राप्त गरेको सो विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने रकम जुटाउन व्यवस्थापन समितिलाई हम्मेहम्मे परेको छ।

जिल्ला शिक्षा कार्यालयले विद्यार्थीको अनुपातमा शिक्षक दिनु त परै जाओस् नौ र दशका लागि शिक्षकको दरबन्दी दिएको छैन। उता माओवादी निकट विद्यार्थी संगठनले शुल्क नउठाउन उर्दी जारी गरेका छन्। एकातिर अनेरास्ववियू (क्रान्तिकारी)ले गर्दा सरकारी सहयोग नआउने र अर्कोतिर माओवादीको थ्रेट' ले गर्दा विद्यालयले आर्थिक कठिनाई भोग्नुपरेको घर्ती बताउँछन्।

पुरन्धारा गाउँ विकास समिति वडा नं. २ पदमपुरमा रहेको जनकल्याण माविको समस्या पनि उस्तै रहेको छ। विद्यालयमा प्रत्येक वर्ष विद्यार्थीको संख्या बढेको बढ्यै छ तर न शिक्षकको दरबन्दी थप गरिएको छ न त विद्यालयमा थप भवन निर्माण गर्न सकिएको छ। सो विद्यालयका शिक्षक जितबहादुर केसी भन्छन्, "विद्यालयमा विद्यार्थीलाई पढाउने ठाउँकै व्यवस्था छैन। अनि कसरी राम्रो पढाई हुन्छ ?" दाङका यी दुईवटा सरकारी विद्यालय उदाहरण मात्रै हुन्, यहाँका अधिकांश सरकारी विद्यालयको हविगत यस्तै छ।

सरकारले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेको घोषणालाई आधार बनाई विद्यार्थी संगठनले विद्यालयमा शुल्क उठाउन प्रतिबन्ध गरेपछि दाङ जिल्लाका ग्रामीण भेगमा रहेका सबैजसो विद्यालय संकटमा परेका छन्। जिल्ला शिक्षा कार्यालयले शिक्षकको दरबन्दी दिन नसकेका कारण अधिकांश विद्यालयले निजी स्रोतबाट शिक्षकहरू भर्ना गरेका छन्।

निजी स्रोतबाट राखिएका शिक्षकलाई तलब खुवाउन विद्यालयले भर्ना शुल्क र कक्षा ६ देखि कक्षा १० सम्म मासिक शुल्क उठाउँदै आएकोमा माओवादी निकट विद्यार्थी संगठनले सबैखाले शुल्क नउठाउन चेतावनी दिएको छ। शुल्क नउठाउन र उठाएको शुल्क फिर्ता गर्न दवाव आएको शिक्षकहरू बताउँछन्। माओवादी विद्यार्थीको धम्की र सरकारी बेवास्ताका कारण सरकारी विद्यालय अद्योगतितर्फ धकेलिदैंछन्।

विद्यार्थी संगठनको दबाबका कारण पुरन्धारामा एउटा माध्यमिक विद्यालय निम्न माध्यमिकमा झरेको छ। मावि पदमपुरका शिक्षक जितबहादुर केसी फि उठाउन पाइदैंन भनेकोले १० कक्षासम्म चलेको विद्यालय आठ कक्षासम्म झरेको बताउँछन्। "फि फिर्ता नगर्ने हो भने टाउको काटिन्छ भन्ने धम्की आएपछि विद्यालय बन्द गर्नैपर्‍यो," केसीको भनाई छ।

"क्रान्तिकारीले फि नलिने भन्छ सरकारले अनुदान दिदैंन। अनि कसरी चल्छ विद्यालय ?" स्थानीय दोताराम वलीको प्रश्न छ। स्थानीय बासिन्दाको प्रयासबाट सञ्चालन गरिएका कक्षाहरू बन्द हुँदा विद्यार्थीहरू घण्टौं टाढा धाउन बाध्य छन्।

विद्यार्थी संगठनले विद्यार्थीबाट शुल्क उठाउन नपाउने व्यवस्था सरकारले नै गरेकाले शुल्क उठाउन नदिने निर्णय गरेको बताएका छन्। माओवादीका पुरन्धारा गाविसका इञ्चार्ज राममणि विद्यालयहरू बन्द गर्ने नीति पार्टीको नरहेको बताउँछन्। "विद्यालयलाई आवश्यक परेको दरबन्दी दिनुपर्ने काम सरकारको हो र जनताले दवाव दिनुपर्छ," उनी भन्छन्।

विद्यालयलाई आवश्यक पर्ने दरबन्दी माग्नका लागि शिक्षा कार्यालयमा बारम्बार गए पनि सुनुवाई नभएको गुनासो विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू गर्छन्। त्यसो त दाङका जिल्ला शिक्षा अधिकारी चुडामणि पौडेल २०५३ सालपछि एउटा पनि दरबन्दी नथपिएकाले विद्यालयहरू संकटमा परेको स्वीकार गर्छन्। विद्यालयको गिर्दो अवस्थाका बारेमा ज्ञात भए पनि मन्त्रालयले त्यसबारेमा कुनै निर्णय नगर्दा समस्या यथावत् रहेको उनले बताए।

दाङमा निजी स्रोतबाट राखिएका केही शिक्षकका लागि सम्बन्धित गाउँ विकास समितिले तलबको व्यवस्था गर्दै आएको छ भने केही विद्यालयका अभिभावकहरूले चन्दा संकलन गर्ने गरेका छन् । निजी स्रोतबाट राखिएका त्यस्ता शिक्षकले योग्यताको आधारमा प्राप्त गर्नुपर्नेभन्दा निकै कम तलब सुविधा प्राप्त गर्दै आइरहेका छन् ।

जिल्ला शिक्षा अधिकारी पौडेल दाङमा विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्नका लागि थप एक हजारको हाराहारीमा शिक्षकको दरबन्दी आवश्यक परेको बताउँछन् । दाङ जिल्लामा रहेका दुई सय २८ प्रावि, ३३ निमावि र ४९ माविमध्ये केहीमा बाहेक सबैमा थप दरबन्दीको आवश्यकता रहेको उनी बताउँछन् । सरकारी उदासीनता कायम रहने र माओवादीको दवाव बढ्दै जाने हो भने दाङका थुप्रै विद्यालयहरूमा स्वीकृत कक्षाहरू पनि बन्द गर्नुपर्ने अवस्था उत्पन्न हुने देखिन्छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(

# चेपाङ्ग छात्रबासको यो हविगत

**● कृष्ण अधिकारी/चितवन**

चितवनको सिद्धी गाविसकी सरिता प्रजा आठ कक्षामा पुगिन् । पढाइमा तेज सरिताले भविष्यमा डाक्टर बनी गाउँका गरिब दुःखीलाई स्वास्थ्यसेवा दिने लक्ष्य लिएकी छिन् । बेलाबेलामा उनलाई आफ्नो लक्ष्य पुरा हुने हो कि होइन भनी शंका लाग्छ । भन्छिन्, "घरको आर्थिक अवस्था यति बिघ्न नाजुक छ कि मेरो लक्ष्य सपनामै सीमित हुने हो कि भन्ने डर लाग्छ ।"

चितवनको शक्तिखोर, काउले, कोराक र सिद्धी गाविसका आधाभन्दा बढी जनसंख्या चेपाङ जातिले ओगटेको छ। त्यहाँ बसोबास गर्ने अधिकांश बालबालिका पढ्ने चाहना हुँदाहुँदै आर्थिक अभावको पीडामा छन् । तिनको एउटै सपना भनेको त्यहिं स्थापना भएको चेपाङ छात्राबासमा बसेर पढ्न पाए हुन्थ्यो भन्ने हुन्छ । त्यही छात्राबासमा बसेर चारजना चेपाङ विद्यार्थीले प्रवेशिका पास गरिसकेका छन् ।

तर अहिले सो छात्राबास आफैं आर्थिक अभावमा छ । जिल्ला विकास समिति चितवनबाट वर्षमा ६ लाख रुपैयाँ विनियोजन हुँदै आएकोमा यस आर्थिक वर्षमा जम्मा रु. ४ लाख मात्र छुट्ट्याइयो थियो । आर्थिक वर्षको सात/आठ महिनामा पुरा भइसक्दा त्यहि रकम पनि निकासा नभएकोले छात्रबास संचालन कठिनाई भएको चर्तुमुखी माध्यमिक विद्यालय शक्तिखोरका प्रधानाध्यापक उद्धव आचार्य बताउँछन् ।

शैक्षिक क्षेत्रमा पछाडि परेका चेपाङ समुदायका बालबालिकालाई सुलभ ढंगबाट शिक्षा प्रदान गर्ने उद्देश्यले नेदरल्याण्ड सहयोग संस्था (एसएनभी) र जिल्ला विकास समिति चितवनद्वारा २०५७ सालमा रु. २९ लाखको लागतमा पूर्वी उत्तर चितवनको शक्तिखोर गाविसमा सो छात्राबास निर्माण गरिएको थियो । छात्रवासमा ५० जना छात्रछात्रा रहनसक्ने भए पनि आर्थिक स्रोतको अभावका कारण हाल १८ जना छात्र र ६ जना छात्रा बस्छन् ।

छात्रबासमा विद्यार्थीहरूलाई निःशुल्क बसोबास, खाना, ट्यूशन कक्षा, शैक्षिक सामाग्री, स्वास्थ्योपचार र वर्षमा दुई थान पोशाक प्रदान गरिदैं आएको छ । बजेटको अभावले गर्दा यस वर्ष एकथान मात्र पोशाक र सीमित शैक्षिक सामाग्री पाएको कक्षा ९ मा अध्ययनरत छात्र पदम प्रजा बताउँछन् ।

चेपाङ्गहरूको पढाइको विशेष ध्यान चर्तुमुखी माविका प्रधानाधयापक आचार्यले दिने गर्छन् । उनी भन्छन्, "के गर्ने यिनीहरूको पढाईको लागि मैले घरमा नबसी यहिं बस्दै आएको छु, शिक्षामा पछाडि परेको यो जातिको लागि आफ्नो स्थानबाट जे जति गर्नसक्छु मेरो लागि त्यहि नै जीवनमा गौरवको विषय बन्नेछ ।"

छात्राबासमा कक्षा एकदेखि १० सम्म अध्ययनरत विद्यार्थीहरू रहेका छन्। तल्लो तल्लामा छात्र र माथिल्लो तल्लामा छात्राहरू बसोबास गर्दछन्। एउटै भान्छा भए पनि अत्यावश्यक अवस्थामा बाहेक छात्र र छात्राबीच सम्पर्क हुन पाउँदैन। छात्राबासभित्र अनुशासन कायम राख्न विद्यार्थीहरू आफैंले पनि समूह नेता चयन गरेका छन्। अनैतिक कार्य गर्नेलाई निष्काशन समेत गर्ने गरिन्छ। केही समय अघि प्रधानाध्यापक र विद्यार्थीहरूको आँखा छलेर अनैतिक कार्य गरेका एक छात्र र छात्रालाई छात्रावासबाट निष्काशन गरिएको एक विद्यार्थीले बताए।

धामी झाँक्री, भूतप्रेतमा विश्वास राख्ने यस जातिमा अझै पनि छोराछोरीलाई पढायो भने कूलदेवता रिसाउँछन् भन्ने अन्धविश्वास कायमै रहेको पाइन्छ। सिद्धीखोरकी रेलीमाया प्रजा भन्छिन्, "हाम्रा बाबुबाजे कसैले पनि नपढेर नै बित्यो भने हामीले छोराछोरीलाई पनि किन पढाउनुपऱ्यो ?"

स्कुल भर्ना भएका चेपाङ विद्यार्थीहरूमध्ये छात्राहरूको संख्या अत्यन्त न्यून रहेको र भर्ना भइहाले पनि माथिल्लो कक्षासम्म पढ्ने अवसर कमैले पाउने गर्दछन्। सानै उमेरमा बिहे गर्ने, घरको काममा व्यस्त रहनुपर्ने आदि कारणले चाहेर पनि चेपाङ छात्राहरू मुश्किलले माविस्तरसम्म पढ्न पाउँछन्। छात्राबासमा बसेर पढ्ने अवसर पनि निकै थोरै छात्राले पाएको कक्षा ७ मा अध्ययनरत जमुना प्रजा बताउँछिन्।

श्री ५ को सरकार र विभिन्न दातृ संस्थाहरूको सहयोगमा गत एकवर्षदेखि चेपाङ वस्ती रहेको चितवनका चार गाविसमा गरिबी निवारणका लागि ग्रामीण पर्यटन कार्यक्रम लागू भएको छ। पर्यटनको माध्यमबाट त्यस क्षेत्रका खासगरी चेपाङ जातिको उत्थान गर्न खोजिएको कार्यक्रमका राष्ट्रिय प्रबन्धक रविजङ्ग पाण्डे बताउँछन्।

२०३४ सालदेखि प्रजा विकास कार्यक्रम लागू भए पनि त्यस क्षेत्रका चेपाङहरूको आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा कुनै सुधार आएको पाइदैंन। चितवनको यी गाउँमा बस्ने चेपाङहरूको आर्थिक अवस्था निकै नाजुक छ। शिकार खेल्नु, माछा मार्नु, मह काढ्नु, खोरिया खनेर थोरबहुत कोदो, मकै उत्पादन गर्नु, अर्काको ज्यामी, मजदुरी गरेर यिनले आफ्नो र सन्ततिको पेट पाल्छन्। यस क्षेत्रका करिब ७५ प्रतिशत चेपाङहरू निरक्षर छन्, आधाभन्दा बढीसँग जग्गाको लालपूर्जा र नागरिकता समेत छैन। गरिबी र अशिक्षाका कारण छोराछोरीलाई स्कुल पठाउन नसक्नेहरूको संख्या बहुसंख्यक छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*